# यत्ति काम चाहिँ गर्छौं गर्छौं !



# राष्ट्रिय स्वतन्त्र पार्टी

## भ्रष्टाचार सहिन्न : कसैलाई छोडिन्न

- वर्षौं पुराना भ्रष्टाचारका सम्पूर्ण फाइल यथाशीघ्र खोलिने
- सम्पूर्ण शंकास्पद नेता, कर्मचारी, व्यापारी अनि विदेशमा समेत रहेका यिनका नातागोतालाई समेत अनुसन्धानको दायरामा ल्याइने
- भ्रष्टाचारीका सम्पूर्ण चलअचल सम्पत्ति जफत गरी राष्ट्रियकरण गरिने

## २४ घण्टा हटलाइन

- नागरिकका गुनासो २४ सै घण्टा सुनिने र तत्काल मद्दत गरिने
- वैदेशिक रोजगारमा गएकाहरुले सम्बन्धित देशमै यो सेवा पाउने
- यसका लागि तत्कालै **Rapid Action Team** बनाइने

## शिक्षा प्रणालीमा व्यापक सुधार

- १२ कक्षासम्मको शिक्षा नि:शुल्क
- सबै कक्षा कोठा र पाठ्यक्रम अन्तर्राष्ट्रिय मापदण्ड अनुसारका
- परिणाममुखी, सीपमुलक, नैतिक, ज्ञानमुलक र रोजगार केन्द्रीत शिक्षा प्रणाली सहित देशभर एकै मापदण्डका विद्यालय
- योग्य शिक्षकहरुलाई राज्यद्वारा सबैभन्दा धेरै तलब सुविधा
- राष्ट्रको सबैभन्दा ठूलो लगानी शिक्षामा

## फास्ट ट्र्याक कोर्ट

- वर्षौंदेखि अड्किएका पुराना मुद्दाको तु छिनोफानो
- यौनिक अल्पसंख्यक, महिला तथा बाल हिंसा, बलात्कार विरुद्धका मुद्दाको तु छिनोफानो
- विकास निर्माण कार्य रोक्ने मुद्दाको तु छिनोफानो

## मजदुर, किसान हाम्रा VVIP

- मजदुर, किसानका लागि विशेष परिचय पत्र
- सरकारी कार्यालय, बैंक आदिमा मजदुर, किसानलाई छुटै लाइनको व्यवस्था
- मजदुर, किसानको शोषण गर्नेलाई हदैसम्मको कारवाही, यस्ता गुनासो सुन्न विशेष डेस्क
- मजदुर किसानको आर्थिक र सामाजिक सुरक्षाको ग्यारेन्टी

## अपराध अनुसन्धानमा तीव्रता र कडाइ

- प्रत्येक प्रहरी चौकीमा अपराधको उजुरी गर्ने कोठामा अडियो भिडियो रेकर्डिङ्ग अनिवार्य
- प्रहरी अधिकारीले कुनै नेता तथा व्यापारीलाई बिना जानकारी भेटेमा स्पष्टिकरण मागिने
- अपराध अनुसन्धानमा सक्रियताको आधारमा प्रहरीहरुको मुल्याङ्कन
- मोबाइलमार्फत् फिराद/उजुरी दर्ता गर्न सकिने

## धर्म, संस्कृति र सम्पदाको जगेर्ना

- जबरजस्ती वा प्रलोभनमा पारी धर्म परिवर्तन गराउनेलाई हदै सम्मको कारवाही
- साँस्कृतिक सम्पदा, सनातन वैदिक संस्कृतिलाई प्रवर्द्धन गरिने
- हरेक धर्मावलम्बीहरूको सम्मान गर्दै नेपाललाई आध्यामिक राष्ट्र (Spiritual Nation) तर्फ उन्मुख गराइने

## जनताको स्वास्थ्य राष्ट्रको धन

- अस्पतालको गुणस्तर र स्वास्थ्यकर्मीहरुको दरबन्दी व्यापक बढाइने
- राज्यको खर्चमा विदेशमा कसैको पनि उपचार नहुने
- पहिला उपचार गर्ने त्यसपछि सक्नेले तिर्ने, नसक्नेको सरकारले तिर्ने
- सबै नागरिकको अनिवार्य स्वास्थ्य बिमा गरिने

## तनावमुक्त सरकारी सेवा

- सेवाग्राहीले सरकारी कार्यालयमा अनावश्यक लामो लाइन लाग्न नपर्ने
- घुसखोर, बिचौलियाहरुबाट सम्पूर्ण कार्यालयहरु मुक्त हुने
- ढिलासुस्ती गरे ठाँउको ठाँउ उजुरी र ठाँउको ठाँउ कारवाही
- सरकारी सेवामा One Window, Online, Cash-less तथा Home Delivery जस्ता सेवा दिइने

## सीमा सुरक्षा

- सशस्त्र प्रहरी बललाई सीमा सुरक्षा बलमा परिणत गरिने
- देशका सीमानामा काँडेतार लगाइने
- सीमा विवादको छिटो अन्त्य गर्न अन्तर्राष्ट्रिय मञ्चमा पहल गरिने

## साना व्यापारीसँग हातेमालो

- स्वरोजगार, साना व्यापारी आदिको हकहितको सुरक्षा तथा सम्मान
- विस्थापन होइन व्यवस्थापन
- विपत्तिमा बिमा र आवश्यकता अनुसार सहुलियतमा ऋण

## छोरी जन्मिए घरमा उत्सव

- छोरी जन्मिएसँगै बैंक खाता खोलिने
- १८ वर्षसम्म प्रत्येक महिना निश्चित रकम राज्यले राखिदिने
- १८ कटेपछि उच्च शिक्षाका लागि उक्त रकम प्रयोग गर्न सकिने
- पैतृक सम्पत्तिमा छोरा छोरीको बराबरी अधिकार

## अन्य

- सरकारी सञ्चार माध्यमहरूलाई मुखपत्र नबनाई निजी साझेदारीको मोडलमा लगी सरकारको खबरदारीमा लगाइने
- पर्यटकहरु आउने सहर २४ घण्टा खुल्ला
- उद्योग खोल्न चाहनेलाई झन्झटमुक्त One Stop Center को व्यवस्था
- खानेपानी, ढल, बिजुलीका पोल, सडक लगायत सबै कामको समन्वय एउटै छातामा ल्याइने
- विपन्न परिवारलाई खाद्यन्न, पानी, बिजुली, इन्टरनेटमा भारी छुटको व्यवस्था
- ज्येष्ठ नागरिक सहायता कार्यक्रमको विशेष प्याकेज ल्याइने
- नेपाललाई **विश्व शान्ति क्षेत्र** बनाउन प्रस्ताव गरिने

**विकास निर्माणको काम जब शुरू गर्छौं, तोकिएकै समयमा पूरा गर्छौं, तोकिएको गुणस्तरमा पूरा गर्छौं, नगर्नेलाई दिनगन्तीको हिसाबमा जरिवाना तिराउछौं, छिटो गर्नेलाई पुरस्कार दिन्छौं ।**